# शैलजा आचार्य हृदय रोग केन्द्र सञ्चालन कार्यविधि, २०८०

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

# शैलजा आचार्य हृदय रोग केन्द्र सञ्चालन कार्यविधि, २०८०

कोशी प्रदेशका नागरिकलाई सरल, सुलभ र न्यून खर्चमा विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीहरुद्वारा हृदयरोगको रोकथाम, निदान र उपचार सेवा तथा हृदयरोगीको पुनः स्थापनाका लागि आवश्यक गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुका साथै हृदय रोग सम्बन्धी अध्ययन र अनुसन्धान कार्यका लागि प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम विशिष्टिकृत अस्पतालको रूपमा शैलजा आचार्य हृदय रोग केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि कार्यविधि बनाई कार्यक्रम सञ्चालन गर्न आवश्यक भएकोले,

प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो कार्यविधि स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "शैलजा आचार्य हृदय रोग केन्द्र सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "केन्द्र" प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम स्थापना गरेको विशिष्टिकृत अस्पताल "शैलजा आचार्य हृदय रोग केन्द्र" सञ्चाल सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले दफा ४ बमोजिमको केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले कोशी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ।

३. **मन्त्रालयमार्फत सञ्चालन गरिनेः** (१) केन्द्रको सञ्चालन मन्त्रालयमार्फत गरिने छ।

(२) केन्द्रको न्यूनतम क्षमता पचास शैयाको हुनेछ।

४. **केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको एक "शैलजा आचार्य हृदयरोग केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति" रहने छः-

(क) सचिव, मन्त्रालय – संयोजक

(ख) मन्त्रालयले मनोनित गरेका एकजना हृदयरोग विशेषज्ञ – सदस्य

(ग) स्वास्थ्य क्षेत्रमा विशेष योगदान गरेका व्यक्तिहरू मध्येबाट मन्त्रालयले मनोनित गरेका दुई जना – सदस्य

(घ) निर्देशक, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र – सदस्य

(ङ) मन्त्रालयको अस्पताल विकास सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख – सदस्य

(च) प्रमुख, केन्द्र – सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको वार्षिक कार्यक्रम तयार गर्ने, गराउने,

(ख) केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि योजना तयार गर्ने, गराउने,

(ग) केन्द्रको दैनिक कामकारबाही सञ्चालनका लागि आवश्यक मार्गनिर्देश गर्ने, गराउने,

(घ) केन्द्रको सञ्चालन तथा व्यवस्थापन का लागि आवश्यक साधन स्रोत जुटाउन पहल गर्ने,

(ङ) केन्द्रको दैनिक प्रशासनिक कामकारवाहीको अनुगमन गर्ने,

(च) केन्द्रको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मतसम्भार गर्ने, गराउने,

(छ) आर्थिक दृष्टिले कमजोर बिरामीका लागि कम शुल्क वा निः शुल्क उपचारको मापदण्डका लागि प्रदेश सरकारसमक्ष सिफारिस गर्ने,

(ज) केन्द्रबाट उत्पन्न हुने अस्पतालजन्य फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्ने, गराउने,

(झ) नेपाल सरकारले उपलब्ध गराउने निः शुल्क तथा स्वास्थ्य बीमा कार्यक्रमले समेटेका सेवा तथा औषधिहरू केन्द्रबाट उपलब्ध हुने व्यवस्था मिलाउने,

(ञ) प्रचलित मापदण्ड अनुरूप केन्द्रबाट प्रदान गरिने सेवाको गुणस्तर कायम गर्ने, गराउने,

(ट) केन्द्रको विकास र विस्तारका लागि विभिन्न निकायसँग समन्वय तथा सहकार्य गर्ने, गराउने,

(ठ) केन्द्र सञ्चालनको अवस्थाबारे प्रतिवेदन तयार गरी मन्त्रालयसमक्ष पेश गर्ने,

(ड) केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि प्रदेश सरकार तथा मन्त्रालयले तोकेका अन्य आवश्यक कार्य गर्ने, गराउने।

(३) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम मनोनित सदस्यको पदावधि कार्यक्रम कार्यान्वयन अवधिभर रहनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठकको कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ तथा सरकारी निकायका पदाधिकारी वा कर्मचारीलाई आमन्त्रण गर्न सकिने छ।

५. <u>केन्द्र प्रमुख तोक्नेः</u> (१) केन्द्रको प्रशासकीय प्रमुखको रूपमा दैनिक प्रशासन सञ्चालन गर्नको लागि प्रचलित प्रदेश कानून बमोजिम प्रदेश सरकारको स्थायी सेवाको कम्तीमा नवौं तहको विशेषज्ञ चिकित्सकलाई केन्द्र प्रमुखको रूपमा जिम्मेवारी तोकिने छ।

(२) उपदफा (१) बमोजिमको प्रमुखको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) केन्द्रमा खटिएका जनशक्ति व्यवस्थापन गर्ने, गराउने,

(घ) केन्द्रको चल अचल सम्पत्तिको संरक्षण र सम्वर्द्धन गर्ने, गराउने,

(ङ) केन्द्रको कामकारवाहीका सम्बन्धमा विभिन्न निकायसँग समन्वय गर्ने,

(च) सरकारी तथा गैरसरकारी निकायले गर्ने विभिन्न प्रकारका बैठक तथा कार्यशालामा केन्द्रको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने,

(छ) समिति, मन्त्रालय तथा प्रदेश सरकारबाट निर्देशन भए बमोजिमका विभिन्न कार्यहरू गर्ने, गराउने,

(ज) केन्द्रको सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्न अन्य आवश्यक कार्य गर्ने, गराउने।

६. <u>केन्द्र सञ्चालन गरिने स्थानः</u> प्रचलित मापदण्डको अधिनमा रहि हाल विराटनगर महानगरपालिका, वडा नं. १० स्थितमा रहेको संक्रामक रोग तथा सघन उपचार केन्द्रको पूर्वाधार एवं जनशक्ति उपयोग गर्ने गरी केन्द्रको सञ्चालन गरिने छ।

७. <u>सेवाको विस्तारः</u> (२) केन्द्रबाट प्रदान गरिने हृदय रोगको उपचार सेवा प्रचलित मापदण्डको अधिनमा रहि चरणबद्ध रूपमा विस्तार गर्दै लगिनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि मन्त्रालयले समितिको सिफारिसमा विज्ञहरू सम्मिलित कार्यदल गठन गर्न सक्नेछ। र, सो कार्यदलले दिएको प्रतिवेदनलाई समेत आधार लिन सक्ने छ।

८. <u>लेखाङ्कन र लेखा परीक्षणः</u> केन्द्रमा हुने खर्चको लेखाङ्कन तथा लेखा परीक्षण गर्ने, गराउने दायित्व मन्त्रालयको हुनेछ।

९. <u>सम्पर्क व्यक्ति तोक्नेः</u> केन्द्रको दैनिक प्रशासनिक कामकाजको सञ्चालन तथा व्यवस्थापनका लागि केन्द्र प्रमुखले मन्त्रालयसँग समन्वय गर्ने प्रयोजनका लागि मन्त्रालयले अस्पताल विकास सम्बन्धी महाशाखा हेर्ने महाशाखा प्रमुखलाई सम्पर्क व्यक्ति तोक्नुपर्ने छ।

१०. <u>प्रतिवेदनः</u> समितिले आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिन भित्र केन्द्रमा भएको वार्षिक प्रगति विवरण तयार गरी मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ।

११. <u>संशोधन वा खारेजीः</u> (१) यस कार्यविधिको आवश्यक संशोधन वा खारेजी गर्ने अधिकार कोशी प्रदेश सरकारमा निहित रहने छ।

प्रदेश सकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

(कानून तर्जुमा महाशाखा)

कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं. :०८०/८१

च.नं. : ६६४

मितिः २०८०।०९।११

विषयः राय/ सहमती सम्बन्धमा ।

श्री स्वास्थ्य मन्त्रालय,

कोशी प्रदेश, विराटनगर ।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको च. नं. ५४९ मिति २०८०/०९/१ को पत्रसाथ प्राप्त "शैलजा आचार्य हृदय रोग केन्द्र संचालन कार्यविधि, २०८०" तर्जूमा सम्बन्धमा (मा.मन्त्रीस्तर) को मिति २०८०।०९।११ को निर्णयानुसार सहमती रहेको व्यहोरा अनुरोध छ ।

२०८०।०९।११

(सुनिल रेग्मी)

कानून अधिकृत

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, बिराटनगर, नेपाल

प. सं. :२०८०/८१

च. नं. 220

मितिः- २०८०/०९/११

बिषयः- सहमति सम्वन्धमा ।

श्री स्वास्थ्य मन्त्रालय,

कोशी प्रदेश , बिराटनगर ।

प्रस्तुत विषयमा स्वास्थ्य मन्त्रालयको च.नं.५४९ मिति २०८०/०९/०८ गतेको सहमति विषयको पत्रको सम्बन्धमा लेखिदैंछ । "शैलजा आचार्य हृदय रोग केन्द्र संचालन कार्यविधि, २०८०" सहमति लिने प्रयोजनार्थ अनुरोध भई आएको सन्दर्भमा पछी पूर्णरुपमा कार्यान्वयनमा लैजाँदा ऐन/नियम बनाई व्यवस्थित गर्न मनासिब हुने व्यहोरा सहित गर्ने व्यवस्था "शैलजा आचार्य हृदय रोग केन्द्र संचालन कार्यविधि, २०८०" मा यस मन्त्रालयको सहमति प्रदान गरिएको मिति २०८०/०९/११ को मा.मुख्यमन्त्रिस्तर निर्णयानुसार जानकारीका लागि अनुरोध छ ।

..............................

प्रिती कर्ण

शाखा अधिकृत

(अधिकृतस्तर सातौं)

अधिकृतस्तर सातौं

website: www.moeap.p1.gov.np Email: moeap.s1@gmail.com Phone: 021531140